नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(पञ्जीकरण शाखा)

फोन : ४४११५६१, ४४६४६८६, ४४६२०५६, ४२००८९५
फ्याक्स : ४२०००१४
सिंहदरबार, काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०७९/०८०
चलानी नं. ९४८९

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

मिति : २०७९।१२।१४

बिषय : व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धमा ।

श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा व्यक्तिको कानूनी पहिचान स्थापित गर्न, राज्यलाई नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीकोलागि व्यक्तिगत घटना दर्ता आवश्यक रहेकाले सो सम्बन्धी जनचेतना अभिवृद्धी गर्न प्रत्येक वर्ष बैशाख महिनाको पहिलो हप्ता व्यक्तिगत घटना दर्ता सप्ताह मनाईदै आईएको छ ।चालु आ.व. २०७९/८० मा पनि स्थानीय तहस्तरमा देहायका कार्यक्रम सञ्चानल गरी व्यक्तिगत घटना दर्ता सप्ताह मनाउनु हुन निर्णयानुसार अनुरोध छ ।

<u>देहाय :</u>

| सि.नं. | कार्यक्रम |
|---|---|
| १. | प्रमुख/उपप्रमुख/अध्यक्ष/उपाध्यक्षबाट स्थानीयवासीलाई आफ्ना व्यक्तिगत घटना दर्ता अनुरोध गर्ने सन्देश/अन्तरवार्ता सञ्चार माध्यमबाट प्रकाशन/प्रसारण गर्ने । |
| २. | सबै वडा कार्यालयमा प्रभातफेरी/र्‍याली आयोजना गर्ने |
| ३. | सबै स्थानीय तहका सबै विद्यालयमा प्रार्थना सभामा विद्यालयले व्यक्तिगत घटना दर्ताको महत्वबारे जानकारी गराउने |
| ४. | स्थानीय सञ्चार माध्यमबाट सूचना प्रकाशन, Jingle बजाउने र होर्डिङ्ग बोर्डमा जनचेतनामूलक सन्देश display गर्ने |
| ५. | वडा कार्यालयमा सन्देशमूलक ब्यानर राख्ने |
| ६. | स्थानीय तहका वेभसाईटमा व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना pop-up का रुपमा राख्ने |

नोट : ब्यानरको ढाँचा, **Pop-up** मा राख्ने सूचना र सन्देशमुलक सञ्चार सामाग्री यसै साथ संलग्न छ ।

निर्देशक

(नवराज जैसी)
निर्देशक